## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग (२) सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ५ मितिः २०७८/१०/०३

**भाग-४**

**हेलम्बु गाउँपालिका**

**हेलम्बु गाउँ कार्यपालिकाबाट मिति २०७८/०९/२९ मा पारित**

## हेलम्बु गाउँपालिकाको कर्मचारी स्वास्थ्य सुरक्षा कार्यविधि, २०७८

**प्रस्तावना**

हेलम्बु गाउँपालिकाको कर्मचारीहरुको स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गरी स्वास्थ्य जोखिम तथा उपचारबाट सिर्जित हुने आर्थिक भार घटाउँदै कर्मचारीहरुको दैनिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउन हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम हेलम्बु गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “हेलम्बु गाउँपालिकाको कर्मचारी स्वास्थ्य सुरक्षा कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरि स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले “हेलम्बु गाउँपालिकाको कर्मचारी स्वास्थ्य सुरक्षा कार्यविधि, २०७८" लाई सम्झनु पर्नेछ ।

ख. "कर्मचारी" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत कार्यालय र समुदायिक विद्यालयका स्थायी, अस्थायी, करार, ज्यालादारी कर्मचारी सम्झनु पर्नेछ । सो शब्दले प्रमुख प्रशासकीय अधिकृतलाई समेत जनाउनेछ ।

ग. “स्वास्थ्य सुरक्षा" भन्नाले यस कार्यविधि बमोजिम कर्मचारीलाई दिने सुविधालाई सम्झनु पर्नेछ।

घ. "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिका सम्झनु पर्नेछ ।

ङ. "कार्यालय" भन्नाले हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

च. “अध्यक्ष” भन्नाले हेलम्बु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

छ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले हेलम्बु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

ज. "समिति" भन्नाले दफा ३ बमोजिमको "कर्मचारी स्वास्थ्य सुरक्षा कोष सञ्चालन समिति" सम्झनु पर्नेछ ।

झ. "कोष" भन्नाले दफा ६ बमोजिमको कर्मचारी स्वास्थ्य सुरक्षा कोष सम्झनु पर्नेछ ।

## परिच्छेद २

## कर्मचारी स्वास्थ्य सुरक्षा कोष सञ्चालन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. व्यवस्थापन समितिको गठनः** (१) कर्मचारी स्वास्थ्य सुरक्षा कोष सञ्चालन सम्बन्धी कार्य गर्नको लागि गाउँपालिकामा देहाय बमोजिमको "कर्मचारी स्वास्थ्य सुरक्षा कोष सञ्चालन समिति" गठन गरिनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. आर्थिक प्रशासन शाखा, प्रमुख - सदस्य

ग. स्वास्थ्य शाखा, प्रमुख - सदस्य

घ. शिक्षा शाखा, प्रमुख - सदस्य

ङ. प्रशासन शाखा, प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा स्वास्थ्य र अन्य क्षेत्रका व्यक्ति तथा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय प्रशासन शाखामा रहनेछ ।

४. **समितिको बैठक सञ्चालनः** (१) बैठक सञ्चालक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

क. कार्यविधि बमोजिम स्वास्थ्य सुरक्षा सुविधा प्राप्त गर्नको लागि परेको अनुसूची १ बमोजिमको दरखास्त संकलन गर्ने,

ख. आवश्यक प्रक्रिया पुरा गरि आएका निवेदन उपर आवश्यक कार्य गर्ने,

ग. दरखास्त उपर आवश्यक छानबिन गरी यस कार्यविधि बामोजिमको स्वास्थ्य सुरक्षा सुविधा पाउने वा नपाउने निर्णय गर्ने,

घ. छानविन पश्चात पाँच लाखसम्मको रकम भूक्तानीको लागि सिफरिस गर्ने,

ङ. पाँच लाख भन्दा बढी रकम भुक्तानी गर्नुपर्ने भएमा गाउँ कार्यपालिकामा सिफारिस गर्ने,

च. अनुसूची २ बमोजिमको प्रतिवेदन तयार गर्ने,

छ. आवश्यकता अनुसार यस कार्यविधिको मर्म बमोजिम अन्य काम गर्ने ।

## परिच्छेद ३

## कर्मचारी स्वास्थ्य सुरक्षा कोष सम्बन्धी व्यवस्था

६. **कोष स्थापनाः** (१) हेलम्बु गाउँपालिका क्षेत्र भित्रको "क" वर्गको बैंकमा कर्मचारी स्वास्थ्य सुरक्षा कोषको स्थापना गर्नु पर्नेछ ।

(२) यस कोषको नाम "कर्मचारी स्वास्थ्य सुरक्षा कोष" रहने छ ।

(३) उपदफा (२) बमोजिमको कोष हेलम्बु गाउँपालिकाको लेखा अधिकृत र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोष स्थापना नभएसम्म हेलम्बु गाउँपालिकाको सञ्चित कोषबाट सञ्चालन गर्नु पर्नेछ ।

७. **कोषमा जम्मा हुने रकमः** दफा ६ बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा हुने छ।

क. कर्मचारीहरुबाट मासिक रुपमा जम्मा गरिने रु. ५०० (पाँच सय रुपैंया) रकम,

ख. हेलम्बु गाउँसभाबाट स्वास्थ्य सुरक्षा कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ग. दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम ।

घ. शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष कार्यविधि २०७५ खारेज भए पश्चात "शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष" को रकम ।

## परिच्छेद ४

## स्वास्थ्य सुरक्षा सुविधा सम्बन्धी व्यवस्था

८. **स्वास्थ्य सुरक्षा सुविधा पाउनेः** (१) देहाय बमोजिमको कर्मचारीले रु. ५,००,०००।- (पाँच लाख) सम्मको स्वास्थ्य सुरक्षा सुविधा पाउनेछ ।

क. कर्मचारी स्वास्थ्य सुरक्षा कार्यक्रममा आबद्ध भै दफा ७ खण्ड (क) बमोजिम मासिक रुपमा रकम बुझाउने,

ख. हेलम्बु गाउँपालिका क्षेत्र भित्र कार्यरत रहेको ।

तर कर्मचारीको आर्थिक स्थिति र रोगको प्रकृति हेरी उपचार गर्दा लागेको खर्चलाई मध्यनजर गरी समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरी स्वास्थ्य सुरक्षा सुविधा अन्तर्गत थप रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा पाउन कर्मचारीले अनुसूची-१ बमोजिमको निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नुपर्नेछ।

क. सरकारी वा सामुदायिक अस्पताल वा मेडिकल कलेज सञ्चालन भएका अस्पतालहरुको टिकट र बिरामी डिस्चार्ज पेपरको प्रतिलिपी

ख. अस्पतालको बिल,

ग. औषधी खरिद गरेको बिल,

घ. विद्यालयको हकमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको सिफारिस, विषयगत शाखाको हकमा शाखाको सिफारिस, वडा कार्यालयको हकमा वडा समितिको निर्णय र वडाको सिफारिस, गाउँ कार्यपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृतको अनुसूची -३ बमोजिमको सिफारिस,

ङ. खण्ड (घ) बमोजिमको सिफारिसमा दफा ७ को खण्ड (क) बमोजिमको रकम जम्मा हुन सुरु भएको मिति र हाल सम्मको निरन्तर भए नभएको व्यहोरा समेत खुलाउनु पर्ने,

च. बिरामीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

छ. अन्य।

९. **सरकारी वा सामुदायिक वा मेडिकल कलेज सञ्चालन भएका अस्पतालमा उपचार गराउनेः** (१) यस कार्यविधि बमोजिम स्वास्थ्य सुरक्षा सुविधा पाउन कर्मचारीले सरकारी वा सामुदायिक वा मेडिकल कलेज सञ्चालन भएका अस्पतालमा मात्र उपचार गराउनु पर्ने छ ।

तर बिरामीको अवस्था हेरी समितिको निर्णय अनुसार अन्य अस्पतालमा पनि उपचार गर्न सकिनेछ ।

१०. **स्वास्थ्य सुरक्षा सुविधा प्रदान गरिने अवस्थाहरुः**

ग. सवै प्रकारका क्यान्सर

घ. मृगौला फेल

ङ. मस्तिष्क घात

च. हृदय घात

छ. मुटु रोग

ज. प्यारालाइसिस (आशिंक र पुरै)

झ. दुर्घटनामा परि शारिरीक अंग प्रत्यारोपण र अप्रेशन गर्नु परेमा

ञ. कान, आँखा, हाइड्रोसिल, एपेन्डिक्स र हर्निया अप्रेशन डाक्टरको सिफारिस अनुसार खर्च उपलब्ध गराउने ।

तर समितिको बैठकबाट रोगको प्रकृति गम्भिर देखिएमा आवश्यक अनुसार माथि उल्लिखित बाहेकका रोगहरुमा पनि स्वास्थ्य सुरक्षा कोषको सुविधा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ५

## विविध

११. **रकम फर्ता नहुनेः** कर्मचारीले दफा ७ को खण्ड (क) बमोजिम जम्मा गरेको रकम फिर्ता हुने छैन ।

१२. **स्वास्थ्य सुरक्षा सुविधा नपाउनेः** सरुवा, दरबन्दी मिलान, काज, अवकास, राजिनामा वा अन्य कुनै कारणले हेलम्बु गाउँपालिका क्षेत्र भित्र कार्यरत नरहेको कर्मचारीले यस कार्यविधि बमोजिम स्वास्थ्य सुरक्षा सुविधा पाउने छैन ।

१३. **सरकारी बाँकी सरह असुल उपर गरिनेः** कुनै कर्मचारी झुटो विवरण पेश गरी वा यस कार्यविधि विरुद्ध हुने गरी सुविधा लिएको प्रमाणित भएमा सरकारी बाँकी सरह सो रकम असुल उपर गरिनेछ ।

१४. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

१५. **संशोधनः** गाउँ कार्यपालिका बैठकबाट बहुमतको निर्णयले यस कार्यविधिमा संशोधन गर्न सकिने छ ।

१६. **बचाउः** "शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षाकोष कार्यविधि, २०७५" बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

१७। **खारेजीः** "शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष कार्यविधि, २०७५" खारेज गरिएको छ ।

अनुसूची १

(दफा ५ को खण्ड (क) र दफा ८ को उपदफा (२) संग सम्बन्धित)

निवेदनको ढाँचा

मिति:......................

श्रीमान्, संयोजक ज्यू
कर्मचारी स्वास्थ्य सुरक्षा कोष सञ्चालन समिति
हेलम्बु गाउँपालिका
हेलम्बु, सिन्धुपाल्चोक ।

विषयः कर्मचारी स्वास्थ्य सुरक्षा सुविधा रकम उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्बन्धमा म निवेदकले हेलम्बु गाउँपालिकाको कर्मचारी स्वास्थ्य सुरक्षा कार्यक्रममा आवद्ध भई सो बमोजिमको सुविधा पाउन योग्य कर्मचारी भएको हुँदा "हेलम्बु गाउँपालिकाको कर्मचारी स्वास्थ्य सुरक्षा कार्यविधि, २०७८" दफा ८ को उपदफा (२) बमोजिम स्वास्थ्य सुरक्षा सुविधा बापतको रकम उपलब्ध गराई पाउन आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातः

क. रोग र रोगको प्रकृति खुलेको डाक्टरको सिफारिस,
ख. अस्पतालको बिल,
ग. औषधी खरिद गरेको बिल,
घ. सम्बन्धित विद्यालय वा शाखाको सिफारिस
ङ. नागरिकताको प्रतिलिपि
च. अन्यः

निवेदक
नाम,थर :
सम्पर्क नं.:
हस्ताक्षरः

अनुसूची

(दफा ५ को खण्ड (च) संग सम्बन्धित)

स्वास्थ्य शाखाबाट छानविन गरी बुझाउने प्रतिवेदनको ढाँचा

कार्यालयको नामः
कर्मचारीको नाम थरः
उमेरः
स्वास्थ्य सुरक्षा कोषमा रकम कट्टी गर्न शुरु गेरको मितिः
उपचार गर्न परेको कारणः
कार्यालयको सिफारिस रहे नरहेकोः

| क्र.स. | विवरण | अस्पताल | बिल नं. । मिति | रकम रु. | क्र.स. | विवरण | अस्पताल | बिल नं.। मिति | भूक्तानी नहुने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | १ | | | | | |
| २ | | | | | २ | | | | | |
| ३ | | | | | ३ | | | | | |
| ४ | | | | | ४ | | | | | |
| ५ | | | | | ५ | | | | | |
| जम्मा | | | | | जम्मा | | | | | |

अनुसूची ३

(दफा ८ को उपदफा (३) को खण्ड (घ) संग सम्बन्धित)

सिफारिसको ढाचा

मितिः........................

श्रीमान्, संयोजक ज्यू
कर्मचारी स्वास्थ्य सुरक्षा कोष सञ्चालन समिति
हेलम्बु गाउँपालिका
हेलम्बु, सिन्धुपाल्चोक ।

विषयः कर्मचारी स्वास्थ्य सुरक्षा सुविधा रकम उपलब्ध गराउने सम्बन्धी ।

उपरोक्त सम्बन्धमा "हेलम्बु गाउँपालिकाको कर्मचारी स्वास्थ्य सुरक्षा कार्यविधि, २०७८" दफा ८ को उपदफा (३) को खण्ड (घ) बमोजिम यो सिफारिस गरिएको छ । देहायको कर्मचारीलाई स्वास्थ्य सुरक्षा सुविधा वापतको रकम नियामनुसार उपलब्ध गराउनु हुन सिफारिस साथ अनुरोध छ ।

**कर्मचारीको विवरणः**

क. कार्यालयको नामः
ख. कर्मचारीको नाम थरः                                        उमेरः
ग. पुरा ठेगानाः
घ. पद र तहः
ङ. नियुक्ति मितिः
च. हाल बहाल रहे नरहेकोः
छ. स्वास्थ्य सुरक्षा कोषमा रकम कट्टी गर्न शुरु गेरको मितिः
ज. स्वास्थ्य सुरक्षा कोषमा रकम कट्टी हाल सम्मको निरन्तर भए नभएकोः
झ. उपचार गर्न परेको कारणः

सिफरिस गर्नेको
नाम थर :
हस्ताक्षरः
कार्यालको छापः

आज्ञाले

विष्णुहरि तिमल्सेना

प्रमुख प्रशासकीय अधिकृत

मूल्य रु .१०।मात्र -